हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८१/०८२) वैठक नं.

आज मिति २०८१ साल पौष २५ गते विहिवारका दिन हरिपुर नगर कार्यपालिकाको चौवालिसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (नि.प्र.प्र.अ.) | |

मिति २०८१।०९।२५

# मिति २०८१/०९/२५ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्वन्धमा ।

२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँकन सम्वन्धमा ।

३. FRA को नतिजा अनुमोदन गरी प्रकाशन गर्ने सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँकन (LISA) कार्यविधि २०७७ बमोजिम यस नगरपालिकाको गत आ.व. २०८०।०८१ मा सम्पादन गरेको कार्यको अनलाईन प्रणालीमा प्रविषट गरी स्वमूल्याँकन गर्ने कार्य सम्पन्न गरी जिल्ला समन्वय समिति सर्लाहीबाट पृष्टपोषण प्राप्त गर्दा ६३.०० प्रतिशत अंक प्राप्त भएकोमा उक्त प्राप्तांकलाई आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी स्वीकृत गरी आगामी आ.व. मा थप अंक प्राप्त गर्ने गरी कार्य सम्पादन गर्न कार्यालयमा आवश्यक प्रवन्ध मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याँकन (FRA) कार्यविधि, २०७७ बमोजिम यस यस नगरपालिकाको गत आ.व. २०८०।०८१ मा सम्पादन गरेको कार्यको अनलाईन प्रणालीमा प्रविष्ट गरी मूल्याँकन गर्ने कार्य सम्पन्न गरी जिल्ला समन्वय समिति सर्लाहीबाट अनुमोदन गरी प्राप्त अंकलाई सार्वजनिककरण गरी उक्त प्राप्ताँकलाई अगामी नगर सभाबाट अनुमोदन गर्ने गरी स्वीकृत गरी आगामी आ.व. मा थप अंक प्राप्त गर्ने गरी कार्य सम्पादन गर्न कार्यालयमा आवश्यक प्रवन्ध मिलाउने निर्णय गरियो ।